अरुण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्याउली, भोजपुर

(शिक्षा युवा तथा खेलकुद शाखा)

प. सं. ०७९/८०
च. नं. ८२५

१ नं. प्रदेश, नेपाल
मितिः-२०७९/१०/१२

विषयः- निवेदन आह्वानको सूचना सम्बन्धमा ।

श्री सवै इच्छुक युवाहरु,
भोजपुर जिल्ला।

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषद्को आ.व. २०७९/८० को लागि स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएको युवा प्रतिभाहरुको खोजि र प्रोत्साहन कार्यक्रम जिल्ला तहमा युवा प्रतिभाको पहिचान गरी प्रयोगात्मक प्रतिस्पर्धाका आधारमा कार्यलाई प्रोत्साहन गर्ने कार्यक्रम रहेकोले स्थायी ठेगाना भोजपुर जिल्ला भएका इच्छुक १६ देखि ४० वर्ष उमेर समूहका युवाहरुको उमेर खुल्ने आधिकारिक कागजात सहित सूचनासाथ संलग्न ढाँचामा ३० दिनभित्र सम्बन्धित पालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा वा अरुण गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । प्रतियोगितामा सहभागी हुनकालागि दिने निवेदनको ढाँचा, Idea संकलनका लागी प्रयोग गर्ने फाराम उपलव्ध गराउने सम्पर्क व्यक्तिको नाम र प्रतियोगिताको पुरस्कार तथा सम्मान यसै पत्रको साथ संलग्न गरिएको जानकारी गराइन्छ ।

बोधार्थ

श्री शिक्षा युवा तथा खेलकुद शाखाः- भोजपुर, षडानन्द नगरपालिका तथा पौवादुम्मा, ट्याम्केमैयुम, रामप्रसादराई, साल्पासिलिछो, आमचोक, र हतुवागढी गा.पा. भोजपुर - आवश्यक सहजिकरण गरिदिनुहुन ।

श्री जिल्ला खेलकुद विकास समिति, भोजपुर आवश्यक सहजिकरण गरिदिनुहुन ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, भोजपुर आवश्यक सहजिकरण गरिदिनुहुन ।

श्री सूचना प्रविधि शाखा अरुण गा.पा.- गाउँपालिकाको वेवसाइटमा अपलोड गरिदिनुहुन ।

(मोहन सिह साउद)
शिक्षा अधिकृत
शिक्षा शाखा प्रमुख

१. प्रतियोगितामा सहभागी हुनकालागि दिने निवेदनको ढाँचा ।

मितिः.................

श्री अरुण गाउँकार्यपालिकाको कार्यालय

अरुण-३ प्याउली, भोजपुर

विषयः प्रतियोगितामा सहभागी हुन पाउँ ।

प्रस्तुत विषयमा ताहाँको मिति २०७९/१०/१० गते प्रकाशित सुचनामा उल्लेखित भएको Youth Innovative Ideas Hunt प्रतियोगितामा मैले तयार गरेको ................ विषयक सामग्री सहित सहभागि हुनकालागी तपसिल अनुसारको विवरण तथा कागजातहरु संलग्न गरी यो निवेदन पेश गर्दछु ।यस कार्यक्रममा सहभागी हुँदाको व्यात्तिगत खर्च कहि कतै पनि माग दावि नगर्ने व्यहोरा समेत अनुरोध गर्दछु ।

निवेदन साथ पेश गरेका कागजातहरु

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा नागरिकता प्राप्त नभएको अवस्थामा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी

२. निवेदकले प्राप्त गरेको उपल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

निवेदक

दस्तखत....................

नाम,थर.....................

निवेदकको ठेगाना..........

स्थायीः जिल्ला ...........गा.पा...................वडा नं.....................

टोल.......... सम्पर्कः फोन/मोबाइल नं................इमेल................

१. Idea संकलनका लागी प्रयोग गर्ने फाराम उपलब्ध गराउने सम्पर्क व्यक्तिको

नाम - गणेश बस्नेत

मोबाइल नम्बर - ९८४८८९१७७२

इमेल - edu.arunrmun1@gmail.com

३. प्रतियोगिताको पुरस्कार तथा सम्मानः

सम्पर्ण सहभागिहरुलाई सहभागिताको प्रमाणपत्र उपलब्ध गराइनेछ । साथै प्रथम, दोस्रो र तस्रो स्थान हासिल गर्नेलाई तपसिल बमोजिमको नगद पुरस्कार उपलब्ध गराइनेछ ।

तपसिल

क. पहिलो स्थान हासिल गर्ने एक जनालाई रु. १०,०००।-

ख. दोस्रो स्थान हासिल गर्ने एक जनालाई रु.७,०००।-

ग. तेस्रो स्थान हासिल गर्ने एक जनालाई रु.५,०००।-